*February १०th, 2026 Tuesday*

*आकाशवाणी*

*प्रमुख समाचारहरुबाट*

१. लोकसभामा केन्द्रीय बजेटमाथि छलफल सुरु
२. लोकसभामा विपक्षी दलहरूले अध्यक्ष ओम बिरलाविरुद्ध पेश गरे अविश्वास प्रस्तावको नोटिस
३.मन्त्री रिजिजूले विपक्षी सांसदहरूमाथि लोकसभाको कार्यवाही अवरुद्ध गरेको लगाउनुभयो आरोप
४ गृहमन्त्री अमित शाहले साइबर–सक्षम ठगी नियन्त्रण तथा इकोसिस्टम विघटन विषयक राष्ट्रिय सम्मेलनको गरे उद्घाटन
५. निर्वाचन आयोगले आगामी विधानसभा चुनावका लागि अधिकारीहरूको स्थानान्तरण सम्बन्धी जारी गरेको छ निर्देशन

------------

*१.लोकसभा–केन्द्रीय बजेट*

लोकसभामा केन्द्रीय बजेटमाथि छलफल सुरु भएको छ। कांग्रेस सांसद शशि थरूरले बजेटको आलोचना गर्दै सरकारी खर्च घटेको र कर संकलन स्थिर रहेको बताउनुभयो। उहाँले बजेटले व्यक्तिगत करदातामा बढी भार दिएको र कर्पोरेट क्षेत्रमा तुलनात्मक रूपमा कम असर परेको उल्लेख गर्नुभयो। भाजपाकी अपराजिता सारंगीले बजेटले सरकारको प्रतिबद्धता, दृढ विश्वास र निरन्तरता देखाउने बताइन्। उहाँले मुक्त व्यापार सम्झौतामा सरकारको पहलको प्रशंसा गर्नुभयो र भारतले बदलिँदो वैश्विक परिदृश्यमा समझदारीपूर्वक अघि बढेको उल्लेख गर्नुभयो। समाजवादी पार्टीका अखिलेश यादवले बजेटलाई दिशाहीन बताएर बेरोजगारी र सामाजिक–आर्थिक असमानता समाधान नगर्ने आरोप लगाउनुभयो। उहाँले विकसित भारतको सपना साकार गर्न सबै नागरिकलाई समान अधिकार आवश्यक भएको बताए।

तृणमूल कांग्रेसका अभिषेक बनर्जीले पश्चिम बंगाललाई एक लाख ९० हजार करोड रुपियाँको रहल रकम नपाएको आरोप लगाउँदै, संविधानले राज्यबीच समानता सुनिश्चित गरेको भए पनि केन्द्र सरकारले पक्षपात गरेको टिप्पणी गर्नुभयो। उहाँले भाजपा नेतृत्वको एनडीए सरकारले आफ्ना क्षेत्रमा मात्र धनराशि वितरण गरिरहेको आरोप लगाउनुभयो।

## *२. लोकसभा–पीएम किसान*

प्रधानमन्त्री–किसान योजनाको सुरुवातदेखि हालसम्म सरकारले २१ किस्तीमार्फत चार लाख करोड रुपियाँभन्दा बढी रकम वितरण गरेको छ। कृषि तथा किसान कल्याण राज्यमन्त्री रामनाथ ठाकुरले आज लोकसभामा एक प्रश्नको लिखित उत्तर दिँदै यो जानकारी दिनुभयो। उहाँले प्रधानमन्त्री–किसान योजना केन्द्रीय क्षेत्रअन्तर्गतको योजना भएको बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले किसानहरूको आर्थिक आवश्यकता पूरा गर्न फेब्रुअरी २०१९ मा यस योजनाको सुरुआत गर्नुभएको थियो। श्री ठाकुर अनुसार यस योजनाअन्तर्गत प्रतिवर्ष ६ हजार रुपियाँको आर्थिक सहायता तीन किस्तीमा प्रदान गरिन्छ। उहाँले किसान–केन्द्रित डिजिटल पूर्वाधारका कारण कुनै पनि मध्यस्थविना देशभरका सबै किसानसम्म योजनाको लाभ सुनिश्चित रूपमा पुगिरहेको जानकारी दिनुभयो।

## *३. लोकसभा–विपक्षको अविश्वास प्रस्ताव*

लोकसभामा विपक्षी दलहरूले अध्यक्ष ओम बिरलाविरुद्ध अविश्वास प्रस्तावको नोटिस पेश गरेका छन्। विपक्षी दलहरूले यो नोटिस लोकसभाका महासचिवलाई बुझाएका छन्। सूत्रअनुसार नोटिसको समीक्षा गरिनेछ र नियमअनुसार आवश्यक कारवाही अघि बढाइनेछ। कांग्रेस, डीएमके, समाजवादी पार्टी, आरजेडी र वामपन्थी दलहरूले नोटिसमा हस्ताक्षर गरेका छन्, तर तृणमूल कांग्रेसले हस्ताक्षर गरेका छैनन्।

## *४.किरेन रिजिजू*

संसदीय कार्यमन्त्री किरेन रिजिजूले लोकसभाको कार्यवाही अवरुद्ध गरेको आरोप विपक्षी सांसदहरूमाथि लगाउनुभएको छ। उहाँले विपक्षको व्यवहारले सदनको गरिमाप्रति उनीहरूको अनादर प्रकट हुने बताउनुभयो। सञ्चारकर्मीसँगको कुराकानीमा श्री रिजिजूले गत साता कांग्रेसका महिला सांसदहरू सत्तापक्षतर्फ अघि बढ्नु र यहाँसम्म कि सदनमा प्रधानमन्त्रीको आसन नजिक पुग्नु लज्जास्पद कार्य भएको भन्नुभयो। उहाँ अनुसार भाजपा सांसदहरूले, विशेषगरी महिला सांसदहरूले, कांग्रेस सांसदहरूको यस व्यवहारविरुद्ध लोकसभा अध्यक्षसमक्ष उजुरी दर्ता गराएका छन्। श्री रिजिजूले आरोप लगाउनुभयो, विपक्षले आफ्ना सामाजिक सञ्जाल खाताहरूमा यसलाई उत्सवका रूपमा प्रस्तुत गर्दै महिला सांसदहरूले प्रधानमन्त्रीलाई डराएको दाबी गरिरहेको छ...

उहाँले कांग्रेस सदस्यहरूको यस्तो कृत्य लज्जास्पद र लोकतन्त्रविरोधी भएको बताउनुभयो।

## *५. उच्चतम न्यायालय–हराएका नानीहरु*

उच्चतम न्यायालयले केन्द्र सरकारलाई देशभर हराएका नानीहरूको घटनामा कुनै राष्ट्रिय स्तरको नेटवर्क वा राज्य-विशेष समूहको संलग्नता छ कि छैन भनेर पत्ता लगाउन निर्देशन दिएको छ। न्यायमूर्ति बी.भी. नागरत्ना र न्यायमूर्ति उज्ज्वल भुयानको पीठले यी घटनामा समानता छ कि आकस्मिक घटनाहरू हुन् भनी अनुसन्धान गर्न आवश्यक ठानेको छ। सर्वोच्च न्यायालयले सबै राज्यहरूबाट तथ्यांक संकलन गर्न भनेको छ र उद्धार गरिएका नानीहरूलाई जिम्मेवार पक्षबारे सोध्ने सल्लाह दिइएको छ। केही राज्यहरूले मात्र तथ्यांक पेश गरेका छन्, करिब एक दर्जन राज्यहरूले अझै तथ्यांक पेश गरेको छैनन्। पीठले तथ्यांक नपठाउने राज्यको आलोचना गर्दै आवश्यक परे कडा आदेश दिन सक्ने चेतावनी दिएको छ।

६. *लोकसभा-विकसित भारत*

ग्रामीण विकास राज्य मंत्री कमलेश पासवानले विकसित भारत - रोजगार अनि आजीविका मिशन (ग्रामीण) अधिनियम एउटा रोजगार कार्यक्रम मात्र होइन तर ग्रामीण विकासलाई गति दिनकालागि तयार गरिएको एक व्यापक ढांचा रहेको बताउनु भयो। श्री पासवानले आज लोकसभामा एउटा प्रश्नको लिखित उत्तर में यो कुरा बताएका हुन्। उहाँले बताउनु भए अनुसार यस अधिनियमले प्रत्येक ग्रामीण परिवारलाई एक वित्तीय वर्षमा सय दिनको साटो एक सय पच्चीस दिनको मजदूरी रोजगारको गारंटी दिन्छ। केंद्रीय मंत्रीले निर्धारित समयभित्र रोजगार प्रदान गर्न नसकेको खण्डमा श्रमिकलाई अनिवार्य बेरोजगारी भत्ता प्रदान गर्नो प्रावधान रहेको थप बताउनु भयो।

*७.निर्वाचन आयोग–पदस्थापन अधिकारी*

निर्वाचन आयोगले आसाम, केरला, तमिलनाडु, पश्चिम बंगाल र केन्द्रशासित प्रदेश पुद्दुचेरीमा आगामी विधानसभा चुनावका लागि अधिकारीहरूको स्थानान्तरण सम्बन्धी निर्देशन जारी गरेको छ।
निर्देशन अनुसार चुनावमा प्रत्यक्ष संलग्न अधिकारीहरूलाई आफ्नो गृह नगर वा ती जिल्ला जहाँ उनले पछिल्ला चार वर्षमध्ये तीन वर्ष सेवा गरेका छन्, त्यहाँ नियुक्त गर्न अनुमति दिइने छैन।
आयोगले सबै मुख्य सचिव र मुख्य निर्वाचन अधिकारीलाई यो स्थानान्तरण २७ फेब्रुअरी २०२६ भित्र पूरा गर्न र अनुपालन रिपोर्ट पेश गर्न निर्देशन दिएको छ।

*८. प्रधानमन्त्री – बस्तर पाण्डुम*

प्रधानमन्त्री नरेन्द्र मोदीले छत्तीसगढमा आयोजित बस्तर पाण्डुम उत्सवले बस्तरको समृद्ध संस्कृति, परम्परा र आदिवासी विरासतलाई शानदार रूपमा प्रस्तुत गरेको बताउनुभएको छ। सामाजिक सञ्जालमा गरिएको पोस्टमा श्री मोदीले पहिले बस्तरको नाम लिँदा माओवादी गतिविधि, हिंसा तथा विकासमा पछाडि परेको छवि देखिने गरेको उल्लेख गर्नुभयो। तर अब अवस्था पूर्ण रूपमा परिवर्तन भइसकेको उहाँको भनाइ छ।

*९. अमित शाह-साइबर अपराध*

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा साइबर–सक्षम ठगी नियन्त्रण तथा यसको इकोसिस्टम विघटन विषयक राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुभयो। कार्यक्रममा उहाँले साइबर सुरक्षालाई अब देशको सुरक्षासँग जोडिएको विषय भएको बताउनुभयो। उहाँले साइबर अपराध नियन्त्रणकालागि सरकारले विभिन्न पहलहरू थालेको र भारतीय साइबर अपराध समन्वय केन्द्र I4C यस क्षेत्रमा महत्वपूर्ण मञ्च बनेको उल्लेख गर्नुभयो। साथै, उहाँले नागरिकहरूमा साइबर सुरक्षाबारे थप सचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो।

गृहमन्त्री शाहले सीबीआईको नयाँ साइबर अपराध शाखाको उद्घाटन गर्नुभएको साथै गृह मन्त्रालयअन्तर्गत को स्टेट साइबर क्राइम को–अर्डिनेसन सेन्टर (S4C) ड्यासबोर्ड पनि सार्वजनिक गर्नुभयो।

*१०. राष्ट्रपति*

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा भारतीय सिभिल लेखा सेवा, भारतीय रक्षा लेखा सेवा, भारतीय डाक तथा दूरसञ्चार लेखा तथा वित्त सेवा, र भारतीय रेलवे व्यवस्थापन प्रणाली लेखा का प्रशिक्षार्थी अधिकारीहरूको एक समूहसँग भेट गर्नुभयो। राष्ट्रपति कार्यालयले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै ती अधिकारीहरू हाल फरीदाबादस्थित अरुण जेटली राष्ट्रिय वित्तीय व्यवस्थापन संस्थानमा व्यावसायिक प्रशिक्षण पाठ्यक्रममा सहभागी भइरहेको जनाएको छ।

*११. सुटिङ च्याम्पियनसिप*

आज नयाँ दिल्लीमा सम्पन्न एशियन राइफल/पिस्तोल च्याम्पियनसिपमा भारतले दोहोरो पदक जित्दै पोडियममा स्थान बनाएको छ। महिला वर्गको ५० मिटर राइफल थ्री पोजिसन इभेन्टमा भारतकी आकृति दहियाले ३५४.२ अङ्कसहित रजत पदक जितिन्। उनी काजाकस्तानकी स्वर्ण पदक विजेता सोफिया शुल्झेन्कोभन्दा चार अङ्कले पछि परिन् । भारतकै अञ्जुम मौदगिलले ३४०.४ अङ्कसहित कांस्य पदक जितिन्। यसैबीच, आकृति दहिया, अञ्जुम मौदगिल र आशी चौकसेको भारतीय टोलीले महिलातर्फको ५० मिटर राइफल थ्री पोजिसन टिम इभेन्टमा १ हजार ७ सय ५६ अङ्कको संयुक्त स्कोरसहित रजत पदक हासिल गऱ्यो। काजाकिस्तानले १हजार ७ सय ६० अङ्कसहित स्वर्ण पदक जित्न सफल बन्यो ।

*१२. राष्ट्रपति–सेशेल्स भेटघाट*

राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा सेशेल्सका राष्ट्रपति प्याट्रिक हर्मिनीको सम्मानमा राजकीय भोजको आयोजना गर्नुभयो। भेटमा उहाँले भारत–सेशेल्स सम्बन्ध आपसी विश्वास, सम्मान र लोकतन्त्र तथा बहुलवादमा साझा आस्थामा आधारित भएको बताउनुभयो।
उहाँले सेशेल्स भारतको महासागर भिजनमा महत्वपूर्ण स्थान राख्ने र विकास, क्षमता निर्माण र पारस्परिक सुरक्षामा सहयोग बढाउने लक्ष्य रहेको बताए।

---------